# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

प.सं. ०७६।०७७
च.नं. ३१०५

मिति: २०७७।०१।०४

विषय : कोरोना प्रकोप रोकथाममा टोल विकास संस्थालाई परिचालन गर्ने सम्बन्धमा ।

श्री वडा अध्यक्ष ज्यू

वडा कार्यालय सवै,राप्ती नगरपालिका ।

प्रस्तुत विषयमा कोराना भाइरस COVID-19 प्रकोप दिनानुदिन बढ्दै गएको सर्व विदितै छ । रोग लागि सकेपछि सहनु बाहेक अर्को उपचार नभएको यसबाट बच्ने उपाय जनचेतना अभिवृद्धि मार्फत रोग लाग्न नदिनु नै हो । तसर्थ टोल विकास संस्थाका अध्यक्ष लगायत नेतृत्वसँग परामर्श गरी आ-आफ्नो टोलमा लकडाउनको पूर्व पालना गर्न लगाउने, टोल बाहिरबाट (स्वदेश, विदेश र अन्य टोल) आवत जावत गर्न नदिने, बाहिर गएको टोलको व्यक्ति वा कुनै नयाँ मानिस टोल भित्र आएमा निजलाई तुरुन्त होम क्वारेन्टाइनमा राखि वडाध्यक्षलाई खबर गर्ने, टोल भित्रका कुनै व्यक्तिलाई उच्च ज्वरो, रुघा, खोकी लागेमा वडाध्यक्ष वा स्वास्थ्य शाखा वा नगर कार्यपालिकाको कार्यालयमा खबर गर्ने लगायतका कार्यमा टोल विकास संस्थालाई परिचालन गरी आफ्नो वडालाई कोरोना प्रकोपबाट पूर्ण सुरक्षित राख्ने व्यवस्थाको लागि अनुरोध गर्दछ ।

प्रभा बराल पौडेल

नगर प्रमुख